# प्रेस विज्ञप्ति

२०६५ चैत २७ गते

## नयाँ संविधानमा प्रवासी नेपाली कामदारका सवाल विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

प्रवासी नेपाली कामदारका सवाललाई संविधानमा उल्लेख गर्न सकियोस् भन्ने उद्देश्यले *प्रवासी नेपाली सेवा समिति,* र *युथ एक्सन नेपाल*को संयुक्त आयोजनामा **नयाँ संविधानमा प्रवासी नेपाली कामदारका सवाल** विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अथितिको रूपमा बोल्दै श्रम तथा यातायात मन्त्री लेखराज भट्टले प्रवासी नेपालीहरूका भावना र विचारलाई संविधानमा उल्लेख गर्नको लागि राजनैतिक तालमेल नमिलेको र दलहरू एकआपसमा दोषारोपण गर्नमै अल्झेको कारण प्रभावकारी बनाउन नसकिएको कुरा ब्यक्त गर्नुभयो । कार्यक्रममा मन्त्री भट्टले रेमिटेन्समा मात्रै चर्चा परीचर्चा भइरहेको तर भारतलगायत अन्य मुलुकमा रेहेका प्रवासीहरूको भूमिकालाई गौंण रूपमा राख्न नहुने कुरा बताउनुभयो । कार्यक्रममा संविधानसभामा प्रवासी नेपालीका भावना र सवालहरूलाई अबको संविधानमा पनि उठाउन नसके सधैंका लागि छुट्ने र संविधान अपूरो बन्न पुग्ने कुरामा सहभागी सभासद् एवं प्रवासी कामदारका सवालमा काम गरिरहेका अधिकारकर्मीहरूले जोड दिए । कार्यक्रममा आफ्नो धारणा राख्दै मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त समितिका सदस्यहरू सभासद् गगन थापा, सीता बौडेल र उषाकला राई एवं महिला अधिकारकर्मीहरू सरु जोशी, मञ्जु गुरुङ्गलगायतले नयाँ संविधानमा प्रवासी कामदारका सवालमा राज्य र सरोकारवाला सबै पक्ष थप सचेत र चनाखो हुनुपर्ने बताउनु भयो ।

कार्यक्रममा आयोजकको तर्फबाट प्रवासी नेपाली सेवा समितिका अध्यक्ष तारा भण्डारी, युथ एक्सन नेपालका अध्यक्ष पवन राय एवं भरत घिमिरे, सोम लामिछाने, महेन्द्र पाण्डे लगायतले प्रवासमा काम गर्ने नेपालीहरूमा पनि युवाहरू नै बढी भएको तथ्य औंल्याउँदै ती युवाहरूको कुरालाई अब बन्ने संविधानमा समावेश गर्नुपर्ने कुरामा प्रभावकारी कदम चालिनुपर्ने कुरामा जोड दिनुभयो ।

नेपाल बार एसोसियसनको हल काठमाडौंमा सम्पन्न कार्यक्रममा विदेशबाट फर्किएका युवाहरूले पनि आ-आफ्ना अनुभवहरू प्रस्तुत गरेका थिए । सहभागीहरूले ती अनुभवलाई संविधानमा कसरी समेटिन्छ भन्ने सम्बन्धमा जिज्ञासा राखेका थिए भने सभासद्हरूले जवाफ दिएका थिए । विभिन्न क्षेत्रका युवाहरूको व्यापक सहभागिता रहेको उक्त कार्यक्रममा नयाँ संविधान सबै हिसावले पूर्ण बनाउनुपर्ने कुरामा पनि प्रयाप्त अन्तरक्रिया भएको थियो ।


......................
पवन राय
अध्यक्ष
युथ एक्सन नेपाल
अनामनगर, काठमाडौं

......................
तारा भण्डारी
अध्यक्ष
प्रवासी नेपाली सेवा समिति
दमाम साउदी अरेयिबा


*सबै सञ्चारमाध्यममा शीघ्र प्रकाशन/प्रसारणका लागि*